# *मेरो चोक* कविताको सङ्कथन विश्लेषण र यसको शैक्षणिक सन्दर्भ

# Discourse Analysis of Poem *Mero Chok* and its Pedagogical Context

रविकिरण अधिकारी[१]

[१]सहप्राध्यापक
त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र केन्द्रीय विभाग
कीर्तिपुर, नेपाल ।
**Email:**
ravikiran.adhikari1@gmail.com

प्रकाशन : २०७९, मङ्सिर
Published: 2022 December
Doi:
https://doi.org/10.3126/bns.v26i1.61448

This is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)
https://creativecommons.org/licenses/by/4.0
© 2022 by the author

**Journal**
**विकासको निम्ति शिक्षा**
**Bikashko Nimti Shiksha**
**ISSN:** 2616-0188 (Print)
3021-954X (Online)
**website:**
https://www.nepjol.info/index.php/bns
**Published By**
Research Centre for Educational Innovation and Development (CERID)
http://www.cerid.tu.edu.np

## लेखसार

प्रस्तुत लेख कवि भूपी शेरचनद्वारा रचित 'मेरो चोक' कविताको अध्ययनमा आधारित छ । उक्त कवितालाई सङ्कथन विश्लेषण सिद्धान्तका आधारमा भाषानिष्ठ एवम् वस्तुपरक विश्लेषण गरी मूल आशय पहिल्याउनाका साथै अभिव्यक्ति सौन्दर्यको उद्घाटन गर्नु र त्यसको शैक्षणिक उपयोगिता ठम्याउनु यस लेखको उद्देश्य हो । यसका लागि आवश्यक सामग्री समीक्षात्मक कार्यका आधारमा सङ्कलन गरिएको छ । प्राथमिक सामग्रीका रूपमा 'मेरो चोक' कवितालाई लिइएको छ भने द्वितीयक सामग्रीका रूपमा सङ्कथन विश्लेषणसम्बन्धी लेख एवम् ग्रन्थहरूको उपयोग गरिएको छ । यस लेखमा स्थापित सिद्धान्तका आधारमा पाठको अध्ययन गरिएको हुँदा मूलतः निगमनात्मक विधि प्रयोग गरी तथ्यविश्लेषण गरिएको छ भने आवश्यकता हेरी आगमनात्मक विधि पनि अपनाइएको छ । विश्लेषणबाट प्राप्त तथ्यका आधारमा विभिन्न व्याकरणिक र कोशीय युक्तिहरूले पाठमा प्रयुक्त भाषिक एकाइलाई संसक्त तुल्याएको एवम् लयविधानसँग सम्बन्धित उपकरणहरूको कुशल संयोजनद्वारा लयसौन्दर्य र भावसौन्दर्यलाई उन्नत पारिएको हुँदा संसक्ति व्यवस्था एवम् लयविधान दुवै दृष्टिले कवितात्मक सङ्कथन उत्कृष्ट रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । विधा शिक्षणका सन्दर्भमा भाषिक/साहित्यिक सङ्कथनको बोध र अभिव्यक्ति क्षमता विकास गर्न एवम् कवितात्मक शैलीको पहिचान गरी तदनुरूप प्रयोगमा प्रवृत्त हुन उक्त कविताको सङ्कथन विश्लेषणबाट पर्याप्त सहयोग लिन सकिने अध्ययनको निष्कर्ष रहेको छ ।

***शब्दकुञ्जी :*** अध्याहार, अन्तर्बन्धन, निदर्शन, संसक्ति, सङ्केतन

**How to cite this article (APA)**

**English :** Adhikari, R. K. (2022). Discourse analysis of *Mero Chok* poem and its pedagogical context, *Bikashko Nimti, Shiksha. 26*(1), 67-84. https://doi.org/10.3126/bns.v26i1.61448

**नेपाली :** अधिकारी, रविकिरण (२०७९), *मेरो चोक* कविताको सङ्कथन विश्लेषण र यसको शैक्षणिक सन्दर्भ, *विकासको निम्ति शिक्षा, २६*(१), ६७-८४ । https://doi.org/10.3126/bns.v26i1.61448

**Abstract**

This article is based on the study of the poem 'Mero Chok' composed by poet Bhupi Sherchan. The purpose of this article is to find out the original meaning of the poem by analyzing it linguistically and objectively on the basis of the discourse analysis theory, as well as to trace the beauty of expression and to determine its educational utility. The necessary materials for this study have been collected on the basis of the review works. The poem 'Mero Chok' has been taken as the primary source of the study, while the articles and books on discourse analysis have been used as the secondary sources of the study. In this article, since the text is studied based on the principles established, the facts are analyzed using the deductive method, yet the inductive method is also adopted considering the need. On the basis of the facts obtained from the analysis, it is concluded that the poetic composition is excellent in terms of both grammatical and lexical devices, because the linguistic units used in the text are integrated with various grammatical and lexical devices and rhythmic beauty and emotional beauty are enhanced with a skillful combination of the tools related to rhythm. The conclusion of the study is that in the context of genre teaching, the analysis of the discourse of poetry can provide sufficient support for developing the understanding and expressive ability of linguistic/literary discourse and the tendency of identifying the poetic style and use it accordingly.

***Keywords:*** ellipsis, interweaving, performance, cohesion, notation

## परिचय

कवि भूपी शेरचन (जीवनकाल : वि.सं. १९९२-२०४६) द्वारा रचित 'मेरो चोक' घुम्ने मेचमाथि अन्धो *मान्छे* (२०२६) नामक कविता सङ्ग्रहभित्र सङ्कलित फुटकर कविता हो । भूपी सशक्त बिम्ब एवम् प्रतीकको प्रयोग गरी कविता लेख्ने प्रतिभाशाली स्रष्टा हुन् । उनका *नयाँ झ्याउरे* (२०१०), *निर्झर* (२०१५) र *घुम्ने मेचमाथि अन्धो मान्छे* (२०२६) गरी तीनओटा कविता सङ्ग्रहहरू प्रकाशित छन् । विभिन्न व्याकरणिक, कोशीय एकाइहरूले संसक्त एवम् लयसंरचनाका उपकरणहरूले समुन्नत भई चोकको विषम र असङ्गत यथार्थको अभिव्यक्तिका रूपमा संरचित 'मेरो चोक' कविताको सङ्कथन विश्लेषण नै यस अध्ययनको मुख्य विषय हो । यसमा सङ्कथन विश्लेषण सिद्धान्तका आधारमा उक्त कविताको भाषानिष्ठ एवम् वस्तुपरक विश्लेषण गरिएको छ । कुनै विषयमा केन्द्रित आरम्भदेखि अन्त्यसम्मको एउटा शृङ्खलामा आबद्ध भाषिक अभिव्यक्तिलाई सङ्कथन भनिन्छ । यो एउटा सारवाक्य वा त्यसभन्दा माथिल्लो संरचनात्मक एकाइका रूपमा रहन्छ । कुनै सन्दर्भ समावेश भएका वाङ्मयका सबै विधा सङ्कथन हुन् । यहाँ विश्लेषणका लागि लिइएको 'मेरो चोक' कविता पनि एउटा सिङ्गो सङ्कथन हो ।

भाषिक उपकरणका आधारमा कुनै पनि पाठको विश्लेषण गर्ने पद्धतिलाई सङ्कथन विश्लेषण भनिन्छ । सङ्कथन विश्लेषणको प्रमुख आधार भाषा हो र भाषाकै माध्यमबाट कुनै पनि अभिव्यक्तिमा वक्ताको अभिप्राय प्रकट भएको हुन्छ । सङ्कथन विश्लेषण भाषावैज्ञानिक पद्धति भएको हुँदा यसमा पाठभित्रका सम्बद्धक र सम्बद्धनहरूले सोहोरेर ल्याउन सक्ने अर्थको खोजी गरिन्छ । कुनै पाठभित्रका पूर्वसन्दर्भ, पश्चसन्दर्भ, प्रतिज्ञप्तिसूचक, अप्रतिज्ञप्तिसूचक एकाइहरूले

प्रयोक्ताको आशयलाई प्रस्ट्याएका हुन्छन् । सङ्कथन विश्लेषणअन्तर्गत यी सबै पक्षहरू समेटिन्छन् । यसअन्तर्गत व्याकरणिक र कोशीय संसक्ति, अर्थगत संयुक्ति, लयसंरचना आदि विविध सन्दर्भ र तिनका बिचको अन्तर्बन्धनका कारणबाट समग्र कृतिको संरचनागत र आर्थी सम्बन्धको अध्ययन गरिने भएकाले यसको क्षेत्र व्यापक रहेको छ। यसमा 'मेरो चोक' कवितात्मक सङ्कथनमा अन्तर्निहित व्याकरणिक तथा कोशीय संसक्ति व्यवस्था, ध्वनिवैशिष्ट्य एवम् लयविधानका आधारमा मात्र कविताको भावाशय पहिचान गर्नाका साथै अभिव्यक्तिगत सौन्दर्यको उद्घाटन गर्ने प्रयास गरिएको छ। शैक्षणिक दृष्टिले व्याकरणिक सुझ, शब्दभण्डार वृद्धिसँगै बोध र अभिव्यक्ति एवम् सम्प्रेषणात्मक क्षमताको प्रवर्धनका लागि उक्त कवितात्मक सङ्कथनबाट पर्याप्त सहयोग लिन सकिन्छ। अतः विवेच्य कविताको सङ्कथन विश्लेषणलाई शैक्षणिक पक्षसँग आबद्ध गरी अध्ययनलाई अगाडि बढाइएको छ।

'मेरो चोक' कवितासँग सम्बन्धित केही पूर्वअध्ययनहरू भएका छन् । भावविधान, लयविधान, विचलन, संरचना, अनुप्रास योजनाजस्ता उपकरणलाई आधार बनाई विश्लेषण गरिएको यस कवितामा अन्तर्लय राम्रोसँग प्रवाहित भएको र यसले अर्थलाई पनि व्यापकता दिएको तथा यसमा भएका व्याकरणिक, कोशीय र अर्थतात्त्विक विचलनले चोकको विडम्बनालाई प्रस्तुत गरेको छ। पैसाका लागि मरिमेट्नेहरूप्रति व्यङ्ग्य गरिएको यस कवितामा विविध अनुप्रासीयताको प्रयोगले कवितात्मक सौन्दर्यको सृष्टि गरी भावलाई सघन तुल्याएको छ (बराल, २०५९)। 'मेरो चोक' कविता शिल्प संरचना, भाव, परिवेश, उद्देश्य र दृष्टिबिन्दु, भाषाशैली विन्यास आदि विधातात्त्विक दृष्टिले कलात्मक र उत्कृष्ट रहेको छ। यस कवितामा केही व्याकरणिक र आर्थी विचलनको सार्थक प्रयोग र अनियोजित एवम् स्वस्फूर्त रूपमै आयोजित पुनरावृत्तिका कारण लयात्मक विशिष्टतासहित कविताको भावलाई उत्कर्ष तुल्याउन सघाउ पुऱ्याएको छ (लुइँटेल, २०६७)। क्षेत्रप्रताप अधिकारीद्वारा रचित 'म त लालीगुराँस भएछु' गीतलाई यसमा निहित भाषिक रूप र भाषिक संरचनागत वैशिष्ट्य, संसक्ति व्यवस्था, सन्दर्भार्थ तथा ध्वनिवैशिष्ट्य र लयविधानका आधारमा पाठमा अन्तर्निहित आशय पहिल्याउने उद्देश्यले विश्लेषण गरिएको छ। विवेच्य गीतका सहभागी, भौतिक संज्ञान सन्दर्भहरू आपसमा अन्तर्सम्बन्धित भई संसक्त भएका र अनियमित लयव्यवस्थामा आबद्ध भाषिक एकाइहरूको आवृत्ति एवम् सार्थक विचलनले अन्तर्लय सिर्जना गर्दै गीतलाई श्रुतिमधुर, गेयात्मक र चित्ताकर्षक बनाएका छन् (शर्मा, २०६९)। नीलम राईद्वारा रचित 'पुरानो हुँदैन माया' गीतको सङ्कथन विश्लेषणका सन्दर्भमा यसमा सबैभन्दा बढी संज्ञानात्मक सन्दर्भ आएको छ। विषयअनुसारको सहभागी सन्दर्भको मेलले गीतलाई सान्दर्भिक बनाएको हुँदा वैयक्तिक सन्दर्भले भावसबलता सिर्जना गरेको छ। भाषिक एकाइ र व्याकरणिक कोटिको आवृत्ति र विचलनले लयात्मकता सृष्टि गरी गीतलाई गेयात्मक तुल्याउनुका साथै सन्दर्भ, लय र भावको सामञ्जस्यले उक्त गीत सशक्त र सम्प्रेषणीय बनेको छ (अर्याल, २०७०)। 'एक दिन एकचोटि आउँछ' कवितात्मक सङ्कथनलाई सन्दर्भार्थ, शब्दसाहचर्य र लयविधानका आधारमा हेर्दा समयसन्दर्भसँग सहभागी एवम् स्थानसन्दर्भको कलात्मक संयोजन तथा गद्यलयात्मक पङ्क्तियोजना, अनुप्रास र शब्दसाहचर्यका कारण कवि गोपालप्रसाद रिमालको यो कविता साङ्गीतिक एवम् गेयात्मक बनेको छ (भट्टराई, २०७०)। सङ्कथन विश्लेषणकै सन्दर्भमा कवि भूपी शेरचनद्वारा रचित 'असार' कविता सहभागी, समय, स्थान, विषय सन्दर्भ र लयविधानका आधारमा विश्लेषित छ। यसमा पाठभित्र वक्ता, श्रोता, विषय, स्थान, काल, पर्यावरण जस्ता कुराहरू भाषिक संरचनाका माध्यमबाट अभिव्यक्त भएको छ।

पङ्क्तिविन्यास, भाषिक एकाइहरूको आवृत्ति तथा सार्थक विचलन भएको पाइन्छ जसले गर्दा कवितात्मक सङ्कथनमा लयात्मक अन्तर्साङ्गीतिकताको सिर्जना भएको छ (शर्मा, २०७०)। प्रस्तुत पूर्वकार्यहरू 'मेरो चोक' कविताको समग्र सङ्कथन विश्लेषण नभए पनि आंशिक रूपमा सहयोगी देखिन्छन्। उल्लिखित पूर्वकार्यलाई आधार मानी विश्लेष्य कविताको विश्लेषणका लागि सङ्कथन विश्लेषणसम्बन्धी सैद्धान्तिक मानदण्डका आधारमा कवितात्मक सङ्कथनमा निहित संसक्ति व्यवस्था र लयसंरचना पहिचान गर्ने प्रयास भएको छ। विवेच्य कवितामा केकस्तो संसक्ति व्यवस्था र लयविधान प्रयुक्त छ अनि त्यसको शैक्षणिक उपादेयता के छ भन्ने विषय नै प्रस्तुत अध्ययनको मूल समस्या हो। सङ्कथन विश्लेषणसम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा उक्त कवितामा प्रयुक्त संसक्ति व्यवस्था र लयविधान ठम्याई शैक्षणिक दृष्टिले त्यसको उपादेयता निरूपण गर्नु यस अध्ययनको उद्देश्य हो। सङ्कथन विश्लेषणले कुनै पनि साहित्यिक विधा तथा साहित्येतर विषयवस्तुको शब्द, अर्थ, व्याकरणिक प्रयोग, विषयगत सान्दर्भिकता, उपयोगिता आदि पक्षको वस्तुगत विश्लेषण गर्दछ। यस कवितामा प्रयुक्त व्याकरणिक र कोशीय संसक्तिको प्रयोगावस्था र उक्त पाठलाई सम्प्रेष्य तुल्याउन सङ्कथनको भूमिकाको सन्धान गरिएको हुँदा यो अध्ययन उपयोगी छ। उक्त कविताका सङ्कथन विश्लेषण कार्य अहिलेसम्म नभएको सन्दर्भमा यो अध्ययन नवीन हुने हुँदा यसको महत्त्व रहेको छ। एउटा पाठभित्र सङ्कथनका अनेकौं प्रारूपहरू हुन्छन्। ती कुन सन्दर्भसँग कसरी संसक्त भएका छन् भन्ने कुरा सङ्कथन विश्लेषणका आधारमा देखाइने हुँदा यो अध्ययन महत्त्वपूर्ण रहेको छ। पाठ संरचना र त्यसमा प्रयुक्त भाषालाई आधार मानी गरिने वस्तुपरक विश्लेषणबाट प्राप्त निष्कर्ष तथ्यमा आधारित हुने हुँदा यस अध्ययनको उपादेयता रहेको छ। यो अध्ययन सङ्कथन विश्लेषणमा रुचि राख्ने सम्बद्ध पक्षका लागि समेत उपयोगी हुने भएकाले औचित्यपूर्ण छ।

## सङ्कथन विश्लेषणको सैद्धान्तिक परिचय

सङ्कथन भनेको समग्र कथन हो जुन सन्दर्भसापेक्ष हुन्छ। कुनै व्यक्ति, स्थान, वस्तु वा विषयबारे कथन गरिएको भाषिक व्यवहारको आदिदेखि अन्त्यसम्मको शृङ्खलाबद्ध भाषिक कथनलाई सङ्कथन भनिन्छ। यसको स्वरूपलाई बन्धु (२०७७) ले यसरी स्पष्ट पारेका छन् :

> भाषिक संरचनाका रूपमा सङ्कथन भनेको वाक्यभन्दा माथिल्लो आफैँमा पूर्ण अभिव्यक्ति हो। माध्यमका रूपमा यो कथ्य, लेख्य वा साङ्केतिक रूपमा हुन सक्छ। आकारका रूपमा सङ्कथन सानोभन्दा सानो पनि हुन सक्छ। छोटा तथा आफैँमा पूर्ण सूक्ति, उखान, हाइकु वा मुक्तक पनि सङ्कथन हुन् ; लामालामा महाकाव्य, उपन्यास वा विभिन्न भागमा विभाजित जीवनी पनि सङ्कथन हुन्। प्रकार्यका दृष्टिले सङ्कथन भनेको सान्दर्भिक भाषिक एकाइहरूको समष्टि हो। (पृ. ३३६)

सङ्कथन एक सारवाक्यदेखि लिएर त्यसभन्दा माथिल्ला जुनसुकै तहको संरचनाका रूपमा रहेको हुन्छ। साहित्य एवम् वाङ्मयका अन्य विधासँग सम्बद्ध लघुतमदेखि बृहत्तर आयामसम्मको लेख्य भाषिक अभिव्यक्ति अनि कथ्य भाषिक रूप र साङ्केतिक अभिव्यक्तिसमेत सङ्कथन नै हुन्। कुनै पनि सङ्कथन निर्माणमा त्यसभित्रका भाषिक, व्याकरणिक एकाइहरूको प्रकार्यात्मक भूमिका रहन्छ। ध्वनिलगायत व्याकरणिक सोपानक्रममा आउने रूप, शब्द, पदावली, वाक्यांश, वाक्य,

अनुच्छेदहरूले आपसी शृङ्खलाबद्धता र अन्तर्बन्धन कायम गर्दै सिङ्गो सङ्कथनलाई एउटा आकार दिई पूर्णता प्रदान गर्दछन् ।

भाषिक उच्चारहरूको समष्टि रूपको संरचनात्मक र प्रकार्यात्मक विश्लेषण सङ्कथन विश्लेषण हो । सङ्कथन विश्लेषणमा भाषिक तथा भाषेतर पक्षको अध्ययन गरिन्छ जसलाई सन्दर्भपरक विश्लेषण भनिन्छ । भाषाविज्ञानका जगमा रुसी रूपवादबाट विकसित भएको सङ्कथन विश्लेषण वर्तमान सन्दर्भमा आलोचनात्मक सङकथन विश्लेषण तथा अन्तर्विषयक विश्लेषणतर्फ केन्द्रित हुँदै गएको देखिन्छ (न्यौपाने, २०७९, पृ. ६३६) । यसको पृष्ठभूमिमा रहेको मस्को भाषावैज्ञानिक समूह (सन् १९१५) र सेन्ट पिटर्सबर्गको साहित्यिक भाषा अध्ययन समाज (ओपोयाज, सन् १९१७ तिर) को जगबाट उठेर अन्तर्विषयक विश्लेषण पद्धतिका रूपमा विकसित सङ्कथन विश्लेषण पछिल्लो चरणमा प्रायोगिक भाषाविज्ञानको महत्त्वपूर्ण र व्यापक अध्ययनक्षेत्र बनेको छ ।

कुनै पनि सङ्कथनात्मक पाठमा प्रयुक्त भाषिक एकाइहरूलाई सुशृङ्खलित गरी आर्थी सम्बन्धलाई स्पष्ट पार्न निश्चित युक्तिहरूको प्रयोग भएको हुन्छ । संसक्ति र संयुक्तिका रूपमा आउने यस्ता एकाइहरूको समष्टि संयन्त्रले सङ्कथनलाई अधिशासित गर्छ । संसक्तिले पाठभित्र आर्थी शृङखला कायम गर्छ भने संयुक्तिले समग्र सङ्कथनात्मक पाठलाई अर्थपूर्ण बनाउँछ । यस आधारमा संसक्ति पाठको जोर्नी हो भने संयुक्ति पाठको अर्थनिर्धारक तत्त्व हो । संसक्तिगत अर्थको सम्बन्ध सङ्कथनको संरचनासँग हुन्छ भने सन्दर्भतासँग सम्बन्धित संयुक्तिले पाठको आर्थी सम्बन्धको व्याख्या गर्दछ ।

सङ्कथन विश्लेषण भाषानिष्ठ अध्ययन पद्धति हो । पाठमा कुनै भाषिक रूप किन र कसरी प्रयोग भएको छ र त्यसमा भएको ध्वनिव्यवस्थाले सङ्कथनको आर्थी सम्बन्धलाई कसरी स्थापित गरेको छ भन्ने कुराको अध्ययन यसअन्तर्गत हुन्छ । ध्वनितत्त्वको व्यवस्थित संयोजनबाट कवितामा साङ्गीतिक अन्तरप्रवाह सिर्जना हुन्छ जसलाई लय भनिन्छ । सङ्कथन विश्लेषणका लागि लयलाई महत्त्वपूर्ण आधारतत्त्व मानिएको छ (गौतम, २०६८, पृ. ५७४) । पङ्क्तिविन्यासको नियमित र अनियमित, समान र असमान, नियोजित र अनियोजित वितरणका कारण उत्पन्न हुने लयसौन्दर्यको भाषानिष्ठ अध्ययन यसअन्तर्गत गरिन्छ । स्वनिमका विविध अनुप्रासीय रूपहरू, वर्णविन्यास वक्रता, आवृत्ति, समानान्तरता, विभिन्न तहका विचलन आदिको अतिरिक्त नियमितताबाट कवितामा लय सृष्टि भएको हुन्छ जसले पाठको आर्थी प्रभावलाई अनुकूलित तुल्याएको हुन्छ । यहाँ यिनै पक्षहरूलाई आधार मानी 'मेरो चोक' कवितामा निहित संसक्ति व्यवस्था र तिनले कवितात्मक सङ्कथनमा सिर्जना गरेको आर्थी प्रभावको अनुकूलनको सन्धान गर्ने प्रयास गरिएको छ ।

## सङ्कथनको शैक्षणिक सन्दर्भ

सङ्कथन सबैभन्दा ठुलो भाषिक एकाइ हो । यसभित्र रूप, पद, पदावली, वाक्य, अनुच्छेद र त्यसभन्दा माथिका एकाइहरू समाहित अनि अन्तर्बन्धित भई समग्र कथनको स्वरूप निर्माण गर्दछन् । सङ्कथन विश्लेषणको अध्ययनक्षेत्र भाषाको यही उच्चतम एकाइ हो जुन सम्प्रेषणात्मक अवधारणा र प्रयोजनबाट अभिप्रेरित हुन्छ । भाषाशिक्षणको मूल उद्देश्य पनि शिक्षार्थीहरूमा सम्प्रेषणात्मक क्षमता अभिवृद्धि गर्नु हो । साङ्कथनिक सुझले शिक्षार्थीमा संसक्ति र संयुक्तिको समुचित प्रयोग गरी कथ्य र लेख्य सङ्कथन निर्माण गर्ने क्षमताको विकास गर्न निकै सहयोग

पुऱ्याउने कुरा विश्लेषकहरू बताउँछन् । शैक्षणिक कार्यकलापका सन्दर्भमा अन्तर्क्रियामा सरिक भई बोधात्मक अभिव्यक्ति सिर्जना गर्न सङ्कथन विश्लेषणले ठोस आधार प्रदान गर्दछ । शिक्षणका क्रममा सङ्कथनको बोध र अभिव्यक्ति पक्षमा जोड दिइन्छ । यसलाई सहज बनाउन सङ्कथनका संरचनाको सुझबुझ आवश्यक र महत्त्वपूर्ण मानिन्छ । भाषा एवम् साहित्य शिक्षणका सन्दर्भमा सङ्कथनको सान्दर्भिकताबारे अधिकारी (२०७४, पृ २७८) भन्छन्- "पहिलो भाषा र दोस्रो भाषा सिकाइ शिक्षणका साथै साहित्यिक सङ्कथनको बोध र तिनको भाषाशिक्षणमा उपयोगका क्रममा सङ्कथनको सान्दर्भिकता रहन्छ ।"

भाषिक अभिव्यक्तिमा संसक्तिले संरचनात्मक अन्तर्बन्धन एवम् पाठात्मक अन्वितिका रूपमा निर्वाह गर्ने भूमिकाबारे वक्ता र बोद्धा परिचित भएको अवस्थामा सङ्कथन बोधगम्य हुन्छ । सिकाइ शिक्षणका क्रममा शिक्षार्थीलाई तदनुरूप विविध विधा र विषयको रचनात्मक सङ्कथन निर्माणको अभ्यास गराउन सकिने कुरा स्मरणीय छ । शिक्षार्थीलाई व्याकरणिक र सन्दर्भपरक भाषिक प्रयोग सामर्थ्य वृद्धि गर्न सङ्कथन विश्लेषण उपयोगी मानिन्छ । व्याकरण र शब्दभण्डारको प्रभावकारी शिक्षणका लागि सङ्कथन विश्लेषणको अवधारणालाई उपयोगमा ल्याउन सकिन्छ । रुचिअनुसारका सङ्कथन शीर्षक छनोट गरी विभिन्न साहित्यिक विधाहरूको रचना गर्न सङ्कथन विश्लेषणले सघाउँछ । यस क्रममा विभिन्न पारिभाषिक र आलङ्कारिक शब्द प्रयोगको क्षमता विकाससँगै लेखन परिष्कार लगायतका पक्षहरूमा यसबाट यथेष्ट सहयोग लिन सकिने देखिन्छ (भुसाल, २०७८, पृ. ९७) । यसप्रकार सङ्कथन विश्लेषणसम्बन्धी मान्यताको समुचित उपयोगले भाषाका चारओटै सिपको विकासमा टेवा पुऱ्याउने कुरा माथिको चर्चाबाट स्पष्ट हुन्छ । 'मेरो चोक' एउटा कवितात्मक सङ्कथन हो । यसमा प्रयुक्त संसक्ति व्यवस्था र लयविधानको सङ्कथन विश्लेषणबाट शिक्षार्थीमा बोध र अभिव्यक्ति क्षमता अभिवृद्धि गर्न प्रशस्त सघाउ पुग्ने देखिन्छ ।

## अध्ययन विधि

प्रस्तुत लेखको अध्ययनक्षेत्र कविता हो । कविता विधाभित्रको भेद फुटकर कवितालाई क्षेत्र मानी भूपी शेरचनद्वारा रचित 'मेरो चोक' कविताको भाषावैज्ञानिक कोणबाट विश्लेषण गरिएको छ । यसका निम्ति आवश्यक पर्ने सम्पूर्ण सामग्रीहरू प्राथमिक तथा द्वितीयक स्रोतबाट सङ्कलन गरिएको छ । भूपी शेरचनको *घुम्ने मेचमाथि अन्धो मान्छे* कवितासङ्ग्रह (२०६९, चौधौँ संस्क) मा सङ्कलित 'मेरो चोक' कविता प्राथमिक स्रोतबाट सङ्कलन गरिएको छ भने यस कविताको विश्लेषणसँग सम्बन्धित पूर्वअध्ययनहरूलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा उपयोग गरिएको छ । पुस्तकालयीय अध्ययन र समीक्षात्मक कार्यका आधारमा तथ्य सङ्कलन गरिएको छ । सङ्कलित तथ्यहरूको विश्लेषण गर्ने सैद्धान्तिक आधार सङ्कथन विश्लेषणसम्बन्धी मान्यता र पद्धतिलाई बनाइएको छ । 'मेरो चोक' कवितामा प्रयुक्त संसक्ति व्यवस्था र लयविधानको सम्यक् पहिचान गर्न तथ्यहरूको गहन पठन गरी भाषानिष्ठ एवम् वस्तुगत विश्लेषण गरिएको छ । गुणात्मक विधिद्वारा पाठभित्रबाट चुनिएका अंशको अध्ययन गरी सामान्यीकृत निष्कर्ष निकालिएको छ । यस अध्ययनमा पूर्वस्थापित सिद्धान्त अवलम्बन गरी तथ्यविश्लेषणको आधार तयार पारिएको हुँदा यो मूलतः निगमनात्मक ढाँचाको भए पनि साक्ष्यहरूको विश्लेषणका सन्दर्भमा आवश्यकता हेरी आगमनात्मक विधिलाई पनि उपयोग गरिएको छ ।

प्राथमिक र द्वितीयक स्रोतबाट सङ्कलित सामग्रीको विश्लेषण सङ्कथन विश्लेषणसम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा गरिएको छ । यसै पद्धतिलाई आधार मानी उक्त कवितामा प्रयुक्त संसक्ति व्यवस्था र लयविधानको सम्यक् पहिचान गर्न तथ्यहरूको गहन अध्ययन एवम् वस्तुगत विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ । यस अध्ययनमा नयाँ सिद्धान्तको स्थापना गर्ने उद्देश्य राखिएको छैन । स्थापित सिद्धान्तकै आधारमा तथ्य विश्लेषण गरिएको छ । विश्लेषणको आधार तयार गर्दा पूर्वस्थापित सिद्धान्तको उपयोग गरिएकाले यो अध्ययन मूलतः निगमनात्मक विधि र ढाँचामा तयार गरिएको छ भने साक्ष्यहरूको विश्लेषणका क्रममा आगमनात्मक विधि अपनाइएको छ । सङ्कलित तथ्यहरूको विश्लेषणका लागि निम्नानुसारको ढाँचा अवलम्बन गरिएको छ :

(क) संसक्तिसम्बन्धी समस्या समाधानका लागि सङ्कलित तथ्यहरूलाई कवितात्मक सङ्कथनमा प्रयुक्त व्याकरणिक र कोशीय युक्तिको ढाँचा प्रयोग गरी विश्लेषण गरिएको छ ।

(ख) लयविधानसम्बन्धी समस्या समाधानका लागि सङ्कलित तथ्यहरूलाई कवितामा अभिव्यक्त ध्वनिपद्धति र लयविधानको आधार उपयोग गरी विश्लेषण गरिएको छ ।

(ग) शैक्षणिक उपादेयतासम्बन्धी समस्या समाधानका निम्ति सङ्कलित तथ्यहरूलाई कविता शिक्षणको प्रयोजन र विधिको आधार उपयोग गरी विश्लेषण गरिएको छ ।

## नतिजा र छलफल

संसक्तिको शाब्दिक अर्थ समुचित ढङ्गले जोड्नु भन्ने हुन्छ । यो कुनै पाठभित्रका भाषिक एकाइहरूबिच अन्तर्सम्बन्ध स्थापित गर्ने युक्ति हो । संसक्ति प्रक्रियाले कुनै पाठभित्र प्रयुक्त पदावलीदेखि माथिल्ला एकाइहरूलाई शृङ्खलित गरी एकताबद्ध गर्दछ (गौतम, २०६८, पृ. ५७५) । पदावली, उपवाक्य, वाक्य, अनुच्छेद, मनोवाद, संवाद आदि एकाइहरूलाई एउटा साङ्लोमा आबद्ध गर्दै सुसङ्गठित बनाउन संसक्तिले जोर्नीको काम गर्दछ । संसक्तिको यो व्यवस्था व्याकरणिक र कोशीय गरी दुई तहमा हुन्छ । यिनै आधारमा भूपी शेरचनको 'मेरो चोक' कवितामा प्रयुक्त संसक्ति व्यवस्थालाई हेर्न सकिन्छ ।

## मेरो चोक कवितामा व्याकरणिक संसक्ति

व्याकरणिक संसक्तिअन्तर्गत निदर्शन, सार्वनामीकरण, प्रतिस्थापन, लोप वा विलोपन, संयोजन आदि पक्षहरू पर्दछन् । विश्लेष्य कवितामा यी तत्त्वको प्रबन्धन कसरी गरिएको छ भन्ने कुराको पहिचान गरिएको छ ।

### निदर्शन

निदर्शनले कुनै व्यक्ति, विषय वा स्थानको निश्चित सत्ता वा स्थितिलाई सूचित गर्ने काम गर्दछ (गौतम, भण्डारी र ओझा, २०७१, पृ. १८) । यसको सम्बन्ध वक्ता, उसको समय र स्थानसँग रहन्छ । 'मेरो चोक' कवितामा त्यस प्रकारको निदर्शन गर्ने निदर्शक अवयवहरूको संलग्नता रहेको कुरा तलका उदाहरणबाट प्रष्ट हुन्छ :

यहाँ के छैन ? सबथोक छ ।

यो मेरो चोकमा
मानिस उदास छन्

किनकि तिनलाई यहाँ
रात रातभरि उपियाँले टोक्छ ।
त्यसैले यो चोकमा
देवता र मानिसले
एकअर्कोलाई धिक्कार्दै
एकसाथ पुर्पुरो ठोक्छन् ।
केवल हर्ष छैन
यहाँ त्यसमाथि रोक छ ।
यहाँ के छैन ? सबथोक छ । (पृ.१-२)

उपर्युक्त उदाहरणमा प्रयुक्त भाषिक एकाइहरूमध्ये 'यहाँ' ले स्थान, 'यो' ले दर्शकवाचक सार्वनामिक विशेषण, 'तिनलाई' ले व्यक्ति र 'एकसाथ' ले तत्क्षणताको कालिक सन्दर्भ र रीतिलाई जनाएका छन् । त्यसैगरी सन्दर्भकका रूपमा प्रयुक्त 'त्यस' निदर्शन बिन्दु अर्थात् पाठभित्र वक्ताले सूचित गर्न चाहेको विषय (हर्ष) को प्रयोग पछाडि भएकाले निदर्शक पूर्वसन्दर्भक बनेर आएको छ । पश्चसन्दर्भकका रूपमा आएको 'के' चाहिँ पाठभित्र पहिले भनिसकेको विषयलाई निदर्शन बिन्दु बनाएर प्रयोग गरिएको निदर्शक हो । यसप्रकार उपर्युक्त निदर्शक एवम् सन्दर्भकहरूले भाषिक एकाइहरूका बिचको अन्विति सँगसँगै वैचारिक विस्तारको शृङ्खला मिलाउने सम्बद्धकको काम गरेका छन् ।

**सार्वनामिकीकरण**

पाठभित्रको कुनै व्यक्तिवाचक, जातिवाचक तथा स्थानवाचक नामलाई बारम्बार प्रयोग गर्दा हुने नीरसता हटाउन त्यस्ता नामका सट्टा सर्वनामको प्रयोग गर्ने प्रक्रियालाई सार्वनामिकीकरण भनिन्छ (गौतम, २०६८, पृ. ५७७) । पाठभित्रका वाक्यान्तरिक र अन्तर्वाक्यीय भावप्रवाहको शृङ्खलाबद्धता कायम गर्न यसप्रकारको सार्वनामिकीकरणको महत्त्वपूर्ण भूमिका रहन्छ । विवेच्य कवितामा यस्तो स्थिति तलका उदाहरणमा देखिन्छ :

देवता उदास छन्
किनकि तिनलाई यहाँ
न कसैले पुज्छ, न कसैले ढोग्छ ।
मानिस उदास छन्
किनकि तिनलाई यहाँ
रात रातभरि उपियाँले टोक्छ
दिन दिनभरि रुपियाँले टोक्छ । (पृ.१-२)

उल्लिखित पहिलो पङ्क्तिगुच्छको पहिलो वाक्यमा 'देवता' नाम शब्द प्रयोग गरेर दोस्रो वाक्यमा आवृत्ति हटाउन 'देवता' नाम शब्दको सट्टा 'तिन' (ती) सर्वनामको प्रयोग गरिएको छ । त्यसैगरी दोस्रो पहिलो पङ्क्तिगुच्छको पहिलो वाक्यमा 'मानिस' नाम शब्द प्रयोग गरी दोस्रो वाक्यमा 'मानिस' नाम शब्दको सट्टा 'तिन' (ती) सर्वनाम प्रयोग गरिएको छ । यसरी प्रयुक्त नामलाई धेरैपटक प्रयोग गर्दा महसुस हुने खल्लोपनलाई हटाउन त्यस्ता नामका सट्टामा सर्वनाम शब्द प्रयोगद्वारा

सार्वनामिकीकरण गरिएको छ। उही शब्दको आवृत्ति हटाई कथनलाई सरस तुल्याउन यसले सहयोगी भूमिका निर्वाह गरेको छ। यी व्याकरणिक एकाइले पाठको एउटा वाक्यलाई अर्को वाक्यसित जोडेर भावप्रवाहमा शृङ्खलाबद्धता स्थापित गरेका छन्।

## प्रतिस्थापन

कुनै पाठमा पूर्व प्रयुक्त शब्द, पदावली, वाक्य आदिका सट्टा तत्सम्बन्धी अर्कैको छनोट र प्रयोग गरी काम चलाउनु प्रतिस्थापन हो (अधिकारी, २०७४, पृ. २७३)। एउटै भाषिक एकाइलाई पटक पटक प्रयोग गर्नुभन्दा उही कार्य र आशयका लागि अर्कै विशिष्ट भाषिक सन्दर्भको प्रयोग हुँदा अभिव्यक्तिमा एकरसता नभई विविधताको स्थिति देखिने हुन्छ। 'मेरो चोक' कविताको सङ्कथनात्मक अभिव्यक्रिमा प्रस्तुत निम्न साक्ष्यले सो कुरा जनाउँछन् :

साँघुरो गल्लीमा मेरो चोक छ।
यहाँ के छैन ? सबथोक छ।
देवताले बनाएका मानिस र
मानिसले बनाएका देवता
दुवैथरीको निवास छ। (पृ. १)
त्यसैले यो चोकमा
देवता र मानिसले
एकअर्कोलाई धिक्कार्दै
एकसाथ पुर्पुरो ठोक्छन्। (पृ.२)

प्रस्तुत कथनमा देखाइएअनुसार कविताको दोस्रो पङ्क्तिमा प्रयुक्त 'यहाँ' ले पहिलो पङ्क्तिमा भनिसकिएको 'मेरो चोक' पदावलीलाई प्रतिस्थापन गरेको छ। त्यसैगरी पाँचौं हरफमा प्रयुक्त 'दुवै' ले पूर्वोक्त 'देवताले बनाएका मानिस र मानिसले बनाएका देवता' भन्ने पदावलीको सट्टा प्रयोग भई त्यसको प्रतिस्थापन गरेको देखिन्छ। त्यस्तै 'त्यसैले' भन्ने एउटै भाषिक सन्दर्भले त्यसभन्दा अगाडि प्रयोग भएका पाठका तेस्रो अनुच्छेदका बाँकी वाक्यहरूको प्रतिस्थापन गरेको छ।

उपर्युक्त पाठमा पदावली र वाक्यस्तरको प्रतिस्थापन देखिन्छ। एउटा पदावली र वाक्यका स्थानमा समानान्तर अर्थ प्रकट गर्ने अन्य सन्दर्भ प्रयोग गरी प्रतिस्थापन गरिएको छ। पहिले भनिसकिएको भाषिक सन्दर्भका ठाउँमा अन्य विशिष्ट भाषिक प्रयोग गरिएको यस सङ्कथनमा एकरसता हटी अभिव्यक्तिमा नवीनता र विविधता सिर्जना भएको छ।

## लोप/विलोपन

कुनै पाठमा प्रयोग भएका र सहजै अनुमान गर्न सकिने खालका कतिपय भाषिक एकाइहरू उल्लेख गर्न असान्दर्भिक हुने स्थितिमा लोप हुने गर्दछन्। कुनै एक वाक्यभित्रका उपवाक्यमा भएको एउटै नाम, क्रिया, सहायक क्रिया आदिको पटक पटक प्रयोग नगरी अध्याहारबाट तिनको अर्थसङ्गति कायम हुन सक्ने स्थिति भएमा दोहोरिएका संरचनालाई नदेखिने गरी हटाउनु नै लोप प्रक्रिया हो ( गौतम, २०६८, पृ. ५७८)। यस्ता एकाइ लोप भए पनि विचार सम्प्रेषणमा तिनले कुनै असर पार्दैनन्। लुप्त एकाइमा अन्तर्निहित सूचना र सङ्केत बोद्धाका निम्ति सहज बोधगम्य हुँदै जान्छ। यस प्रकारको

लोप प्रक्रियाले विचारलाई खँदिलो र सूत्रात्मक बनाउन सम्बलन प्रदान गर्दछ। 'मेरो चोक' शीर्षकीय काव्यात्मक सङ्कथनमा लोप वा विलोपनको प्रयोग यसरी गरिएको छ :

असङ्ख्य रोग छ,
अनन्त भोक छ,
असीम शोक छ,
केवल हर्ष छैन, (पृ. १)

प्रस्तुत कथनमा आएका प्रत्येक वाक्यको अघिल्तिर प्रयोग हुने 'मेरो चोकमा' पदावली लुप्त छ। संरचनामा नदेखिएर पनि 'मेरो चोकमा' भन्ने भाव स्वतः बुझिन्छ। वाक्यमा प्रस्तुत नभए पनि यस्ता भाषिक सन्दर्भले भावसम्प्रेषण गर्न सघाएका छन्। यी वाक्यहरूमा पूरक पदको प्रयोग भएको छैन तर पूरकका रूपमा रहेको नामपदको सम्बन्धगत निरन्तरता रहिरहेको छ। यसमा अगाडि प्रयोग भएको पद पदावलीको आर्थी सम्बन्धगत सङ्गति कायमै छ। यस प्रकारको लोप प्रक्रियाले सङ्कथनमा व्याप्त विचारलाई खँदिलो र सूत्रात्मक बनाउन सम्बल प्रदान गरेको छ।

**संयोजन**

सङ्कथनात्मक पाठमा दुई वा दुईभन्दा बढी भाषिक एकाइलाई संयोजन गर्न वा जोड्न आउने एकाइलाई संयोजन सन्दर्भक भनिन्छ। गौतम, भण्डारी र ओझा (२०७१) का अनुसार "अनुच्छेदमा एकभन्दा बढी विचार वा विषय हुन सक्छन्, तिनका बिचमा सकारात्मक तथा नकारात्मक, अनुकूल तथा प्रतिकूल, सहबोधक तथा विपरीतताबोधक जस्ता परस्पर अन्तर्विरोधी विषय पनि आउँछन्। यसमा विकल्प, विरोध, परिणाम, व्यतिरेक, प्रयोजन आदिलाई बुझाउने सङ्कथन शब्दहरूले पाठलाई संसक्त तुल्याएका हुन्छन्" (पृ. १९)। यिनले पाठभित्रका शब्द, पदावली र वाक्यांशका बिचबिचमा प्रयोग भएर वाक्यका संरचक अवयवलाई संयोजन गर्ने काम गर्दछन्। साथै यिनले वियोजन, वैपरीत्य, अधीनस्थता आदि विभिन्न खालका आर्थी सम्बन्ध दर्साउने गर्दछन्। 'मेरो चोक' शीर्षकको कवितात्मक सङ्कथनमा रहेका त्यस्ता संयोजकलाई यसप्रकार प्रस्तुत गरिएको छ :

यो मेरो चोकमा
देवताले बनाएका मानिस र
मानिसले बनाएका देवता
यी दुवैथरीको निवास छ।
तर यहाँ यी दुवैथरी उदास छन्।
दुवैथरी निराश छन्।
मानिस उदास छन्
किनकि तिनलाई यहाँ
रात रातभरि उपियाँले टोक्छ
दिन दिनभरि रुपियाँले टोक्छ
र देवता उदास छन्
किनकि तिनलाई यहाँ
न कसैले पुज्छ, न कसैले ढोग्छ

त्यसैले यो चोकमा
देवता र मानिसले
एकअर्कोलाई धिक्कार्दै
एकसाथ पुर्पुरो ठोक्छन् । (पृ. १-२)

माथिको सङ्कथनात्मक पाठमा संयोजन सन्दर्भकको कार्य गर्ने भाषिक एकाइहरू प्रयुक्त छन् । तिनले पाठभित्रका शब्द शब्द, पदावली पदावली, वाक्यांश वाक्यांश र वाक्य वाक्यका बिचमा आएर अनुच्छेदका संरचक अवयवलाई जोड्ने काम गरेका छन् । यसमा 'न' 'न' ले समुच्चय, 'तर' ले विपरीतता, 'त्यसैले' ले कारण र परिणाम, 'किनकि' ले कारण, 'एकसाथ' ले सन्दर्भ, अघिल्लो 'र' ले समुच्चय अनि पछिल्लो 'र' ले अनुक्रमको सूचना दिई आर्थी सम्बन्ध दर्साएका छन् ।

## कोशीय संसक्ति

पाठमा कोशीय शब्दहरू वाक्यभित्रको आपसी सम्बन्ध दर्साउन प्रयोग भएका हुन्छन् । पाठ निर्माणका क्रममा शब्दशब्दका बिचमा निश्चित आर्थी सम्बन्ध स्थापित भई पाठलाई संसक्तता प्रदान गर्ने तत्त्व कोशीय संसक्ति हो (न्यौपाने, २०७९, पृ. ६४३) । आर्थी सम्बद्धकहरूमा पर्यायवाची, विपरीतार्थी, अधिकार्थी, पुनरावृत्ति, सन्निधान, प्रकारान्तर कथन आदि कुराहरू पर्दछन् । कुनै सङ्कथनमा प्रयुक्त शाब्दिक एकाइहरू कुनै एक विषयको कथनका लागि एउटै आशयकेन्द्रमा एकत्रित भएका हुन्छन् र तिनको सन्दर्भगत निकटता रहेको हुन्छ । शब्दहरूको आपसी सम्बन्धका कारण पाठमा कार्यगत हिसाबले आर्थी एकत्वको स्थिति बनेको हुन्छ । पाठका शब्दहरूको एकापसको साहचर्यात्मक साङ्ली व्यवस्थाले सङ्कथनको अभिप्राय बुझ्न सहयोग गर्दछ । एकै आर्थी सम्बन्धमा आबद्ध, समान प्रकृतिका र एउटै तात्पर्य प्रकट गर्ने शाब्दिक एकाइहरूले सिक्रीमा धातुका ठोसाका मुन्द्राहरू जोडिएझैँ आपसी सम्बद्धता स्थापित गरी अनुच्छेदलाई संसक्त तुल्याएका हुन्छन् । 'मेरो चोक' कवितामा प्रयुक्त विभिन्न भाषिक एकाइस्तरको कोशीय संसक्तिको अवस्था यसप्रकार रहेको देखिन्छ :

चोक, गल्ली, साँघुरो
भोक, शोक, रोग
साँघुरो गल्ली, मेरो चोक
देवताले बनाएका मानिस, मानिसले बनाएका देवता
असङ्ख्य रोग छ, अनन्त भोक छ, असीम शोक छ, केवल हर्ष छैन
न कसैले पुज्छ, न कसैले ढोग्छ ।
यहाँ के छैन ?, सबथोक छ । (पृ. १-२)

माथिको उदाहरणमा देखाइएअनुसार विभिन्न भाषिक एकाइहरूमा प्रयुक्त शब्दहरू 'मेरो चोक' शीर्षकको कवितात्मक पाठमा समेटिएका कोशीय शब्दहरू हुन् । यिनले वाक्यभित्रको आपसी सम्बन्ध दर्साएका छन् । यी शाब्दिक एकाइहरूले पाठमा कथन गरिएको सूचना वा विषयलाई सम्बन्धित शब्दमा निहित अर्थसम्बन्धद्वारा एकापसको शृङ्खला निर्माण गरेका छन् । यी एकाइहरू 'मेरो चोकको दुरावस्था छ' भन्ने विषयको कथनका लागि केन्द्रित भएका छन् । त्यसो हुँदा तिनको सन्दर्भगत

निकटतासँगै आर्थी एकत्वको स्थिति देखिएको छ । एउटै शृङ्खलामा आएका यी कोशीय एकाइहरूले अनुच्छेदलाई संसक्त गरी सङ्कथनलाई सम्प्रेषणीय तुल्याएका छन् ।

यस पाठमा प्रयुक्त 'दुवैथरी' ले देवता र मानिसको पर्याय बनेर समानार्थकता दर्साएका छन् । अर्को सन्दर्भमा 'दुवैथरी' को अर्थ त्यसभन्दा अगाडि प्रयोग भएका 'मानिस' र 'देवता' शब्दको सान्निध्यबाट मात्र खुल्दछ । त्यसो हुँदा यहाँ सन्निधान वा साहचर्यात्मक सम्बन्ध स्थापित भएको छ । त्यसैगरी 'साँघुरो गल्लीमा मेरो चोक छ, यहाँ के छैन ? सबथोक छ' भन्ने पहिलो पङ्क्तिपुञ्ज तीनपटक पुनरावृत्त भएको छ । यसप्रकारको आवृत्तिबाट समग्र पाठ विषयकेन्द्री बनेको छ । आवृत्त भएका पदपदावली र वाक्य वाक्यांशले समग्र कथनलाई संसक्त गरेका छन् । 'यहाँ के छैन ?' वाक्यात्मक एकाइलाई यहाँ हरेक प्रकारका अभाव, विपन्नता र विकारहरू छन् भन्ने आशयमा प्रकारान्तर कथन गरिएको छ । यसरी विपरीतताबोधक सन्दर्भले कथ्य विषयमाथि घुमाउरो प्रकारको कथनद्वारा प्रकाश पारेको छ । 'हर्ष' र 'शोक' दुई विपरीतार्थी शाब्दिक एकाइले विपरीत अर्थका बिचमा संसक्तता सिर्जना गरेका छन् । यस सङ्कथनमा पदावलीस्तरको 'मेरो चोक' दोबाटो, चौबाटो, गाउँघर, टोलछिमेक, समाज, देश आदि विविध लाक्षणिक, प्रतीकात्मक र वक्रतापरक अर्थ वहन गर्न सक्षम अधिकार्थी एकाइका रूपमा प्रयुक्त छ । यसले पाठगत सन्दर्भलाई सूचित गरी अर्थका विभिन्न स्तरलाई उजागर गरेको छ । यसरी समग्र पाठमा संसक्ति व्यवस्थाको सार्थक उपयोगले सङ्कथनात्मक अभिव्यक्तिलाई छरितो र सुगठित तुल्याएको छ ।

## लयविधान

लय भनेको कुनै पाठमा आवृत्तिजन्य भाषिक एकाइहरूको संयोजन र साङ्गीतिक तत्त्वको सङ्गतिपूर्ण मेल हो । लयको अभिप्राय पङ्क्तिको छिटो वा ढिलो हुने प्रवाह एवम् गति हो (लुइँटेल, २०६७, पृ. ३४) । लयको उत्पत्ति गति प्रवाह र यतिविरामको क्रमबद्ध मेलबाट हुन्छ । भूपी शेरचनको 'मेरो चोक' कविता मुक्त वा गद्य लयमा आबद्ध रचना हो । यसमा अनियोजित, स्वस्फूर्त अनुप्रास र विशिष्ट भाषिक विन्यासको उपयोग गरिएको छ । यस कविताको लयविधानलाई सङ्केतन, पङ्क्तिविन्यास र विशिष्ट ध्वन्यात्मकताका आधारमा निम्नानुसार विश्लेषण गरिएको छ :

## सङ्केतन

कविताको गति र यतिलाई व्यवस्थित गर्न उपयोग गर्ने लेख्य चिह्नहरूको विशेष प्रयोगसँग सम्बन्धित उपक्रम सङ्केतन हो । गद्य कविता छन्दमुक्त हुने भएकाले यसको लयविधानमा सङ्केतनले मुख्य भूमिका खेलेको हुन्छ । 'मेरो चोक' कवितामा लय विधानका लागि निम्नानुसारका उदाहरणहरूको उपयोग गरेको पाइन्छ :

१. यहाँ के छैन ? सब थोक छ ।

२. असङ्ख्य रोग छ,
अनन्त भोक छ,
असीम शोक छ,
केवल हर्ष छैन,
यहाँ त्यसमाथि रोक छ । (पृ.१)

प्रस्तुत उदाहरण १ मा 'यहाँ के छैन' को पछिल्तिर आएको प्रश्नचिह्नले उत्तरको अपेक्षा नराखी सबथोकमा अन्तर्निहित व्यङ्ग्य भावलाई व्यक्त गरेको छ। दोस्रो उदाहरणमा 'रोग छ', 'भोक छ', 'शोक छ' पछि अल्पविराम र 'रोक छ' पछि पूर्णविरामको प्रयोगले यति (विश्राम) व्यवस्थालाई सङ्केत गरेको छ। यसरी सङ्केतन प्रयोग गरिएका स्थानमा यति र अन्य स्थानमा गतिको आयोजनाले प्रस्तुत कवितामा लय सिर्जना भएको छ।

### पङ्क्तिविन्यास

कविले असमान, अनियमित तथा विविधतायुक्त पङ्क्तिहरूको संयोजनद्वारा कवितामा लय सिर्जना गर्न उपयोग गर्ने उपक्रम पङ्क्तिविन्यास हो। मेरो चोक कवितामा समग्रमा ११० पद, २८ पङ्क्ति र ४ पङ्क्तिपुञ्ज रहेका छन्। लामाछोटा पङ्क्तिहरूको विन्यास गरिएको प्रस्तुत कवितामा दुई पददेखि बढीमा सात पदका पङ्क्तिहरू रहेका छन्। पद्य कविताका तुलनामा गद्य कविता बढी स्वस्फूर्त हुने भएकाले प्रत्येक पङ्क्तिमा वर्ण र मात्राको समानता आवश्यक हुँदैन। प्रस्तुत कवितामा द्विपदीय एउटा, त्रिपदीय बाह्रवटा, चतुष्पदीय छवटा, पञ्चपदीय सातवटा र षष्ठ तथा सप्तपदीय एक एकवटा गरी जम्मा अट्ठाइस पङ्क्ति रहेका छन्। पहिलो र दोस्रो पङ्क्ति कवितामा तीनपटक पुनरावृत्त भएका छन्। अट्ठाइस पङ्क्तिमध्ये पहिलो अनुच्छेदमा तीनवटा, दोस्रो र तेस्रोमा चार चारवटा तथा चौथोमा तीनवटा गरी जम्मा चौधवटा वाक्य र चार अनुच्छेदमा प्रस्तुत कविता संरचित छ। यसरी असमान तथा अनियमित पद एवम् पङ्क्तिहरूको वितरणद्वारा कवितामा लय सिर्जना गरिएको पाइन्छ।

### विशिष्ट ध्वन्यात्मकता

कवितामा विशिष्ट अर्थ ध्वनित हुने गरी विशेष शब्दहरूको प्रयोग गर्नु विशिष्ट ध्वन्यात्मकता हो। कविताको लयसौन्दर्य र अर्थगत विशिष्टता बढाउने काममा यस्ता शब्दहरूको अहम् भूमिका रहन्छ। 'मेरो चोक' कवितामा सहरिया साँघुरो गल्ली र त्यहाँको अभावग्रस्तता, विपन्नता, विकृति-विसङ्गतिहरूसँग सम्बद्ध विशेष शब्दका रूपमा आएका साँघुरो, गल्ली, चोक, असङ्ख्य, अनन्त, असीम, रोग, भोक, शोक, देवता, मानिस, निवास, उदास, उपियाँ, रुपियाँ, पुज्नु, ढोग्नु, धिक्कार्नु, पुर्पुरो जस्ता शब्दहरूको प्रयोगले विशिष्ट अर्थ ध्वनित गर्नाका साथै लय सिर्जनामा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ।

### विचलन

कवितामा प्रचलित र मानक नियमहरूको सोद्देश्यपूर्ण उल्लङ्घन वा व्यतिक्रम नै विचलन हो। यसको प्रयोगले गद्य कविताको बाह्यान्तरिक लय सौन्दर्यलाई सन्तुलित र अर्थ अभिव्यक्तिलाई प्रभावकारी तुल्याउँछ (गौतम, २०६८ : ५८०)। 'मेरो चोक' कवितामा लयविधानका उद्देश्यले निम्नानुसारका विचलन प्रयोगमा ल्याइएको छ :

### पद विचलन

यहाँ त्यसमाथि रोक छ।
यहाँ यी दुवैथरी उदास छन्। (पृ. १)

माथिका उदाहरणमा स्थानवाचक क्रियाविशेषण 'यहाँ' लाई विचलनका साथ कर्ताभन्दा अगाडि प्रयोग गरिएको छ ।

**पदावली विचलन**

साँघुरो गल्लीमा मेरो चोक छ ।
रात रातभरि उपियाँले टोक्छ ।
दिन दिनभरि रुपियाँले टोक्छ ।
त्यसैले यो चोकमा
देवता र मानिसले
एकअर्कोलाई धिक्कार्दै
एकसाथ पुर्पुरो ठोक्छन् । (पृ. १-२)

माथिका उदाहरणहरूमा 'साँघुरो गल्लीमा' र 'यो चोकमा' अधिकरणसूचक, 'रात रातभरि र दिन दिनभरि' समयसूचक पूरक पदलाई विचलनका साथ कर्ताभन्दा अघि प्रयोग गरिएको छ ।

यसरी प्रस्तुत कवितामा विचलनको प्रयोगद्वारा लयविधानलाई प्रभावकारी तुल्याइएको छ ।

**अनुप्रास योजना**

समान ध्वनि वा अक्षरको आवृत्ति अनुप्रास हो । अनुप्रासमा निश्चित अक्षर, अक्षर समूह, पद, पदावली, वाक्यांशको आवृत्ति हुने गर्दछ । अनुप्रास कविताको लय सिर्जनाको एउटा प्रमुख आधार हो । शब्दालङ्कारका रूपमा लिइने अनुप्रास पनि स्थानका आधारमा छेकानुप्रास, वृत्यानुप्रास, श्रुत्यनुप्रास, आद्यनुप्रास, मध्यानुप्रास, अन्त्यानुप्रास जस्ता विभिन्न भेदहरू छन् । प्रस्तुत कवितामा प्रयुक्त अनुप्रासका विभिन्न भेदहरूलाई यसप्रकार विश्लेषण गरिएको छ :

**छेकानुप्रास**

एक वा अनेक व्यञ्जनवर्णको एकपटक मात्र भएको आवृत्तिलाई छेकानुप्रास भनिन्छ । प्रस्तुत कवितामा विशिष्ट लयात्मकता सिर्जना भएका उनाहरण यसप्रकार रहेका छन् :

साँघुरो गल्लीमा मेरो चोक छ । (पृ. २)
मानिस उदास छन् (पृ. १)

माथिको उदाहरणमा पहिलो पङ्क्तिमा 'रो' को, दोस्रोमा 'स' को एक पटक मात्र आवृत्ति भएको हुँदा छेकानुप्रास अलङ्कारको उपस्थिति देखिन्छ । उक्त छेकानुप्रास लय संयोजनको एउटा प्रभावकारी सूचक बनेको छ ।

**वृत्यनुप्रास**

एक वा अनेक व्यञ्जन वर्णहरूको अनेक पटकको आवृत्तिबाट उत्पन्न सौन्दर्यलाई वृत्यनुप्रास भनिन्छ । यस कवितामा दिइएका निम्निलिखित उदाहरणबाट विशिष्ट लय सिर्जना भएको देखिन्छ :

रात रातभरि रुपियाँले टोक्छ (पृ. १)
एकअर्कोलाई धिक्कार्दै (पृ. २)

माथिको पहिलो उदाहरणअन्तर्गत पहिलो पङ्क्तिमा 'र' को अनि दोस्रो पङ्क्तिमा 'क' को पटक पटक आवृत्ति भएकाले कवितामा वृत्यनुप्रासको उपस्थिति देखिन्छ। यस प्रकारको आनुप्रासिक योजनाका कारण कवितामा साङ्गीतिकता र लयात्मकता प्रादुर्भाव भएको छ।

**श्रुत्यनुप्रास**

एउटै उच्चारण स्थानबाट उच्चारण हुने एक वा अनेक व्यञ्जन वर्णहरूको आवृत्ति हुँदा श्रुत्यनुप्रास उत्पन्न हुन्छ। पद्यात्मक कविताको लयविधानमा यसले पनि सूचकको काम गरेको हुन्छ। प्रस्तुत कवितामा वर्णहरूको यस किसिमको आवृत्तिबाट श्रुतिरमणीयता उत्पन्न भएको देखिन्छ। जस्तै :

साँघुरो गल्लीमा मेरो चोक छ। (पृ. १)

माथिको पङ्क्तिमा घ, ग, क जस्ता एउटै उच्चारण स्थानबाट उच्चरित कण्ठ्य व्यञ्जन ध्वनिहरूको आवृत्तिबाट श्रुत्यनुप्रास उत्पन्न भई कविताको लय संवर्द्धनमा सघाउ पुगेको छ।

**आद्यनुप्रास**

कुनै पनि कवितात्मक पङ्क्तिगुच्छमा प्रत्येक पङ्क्तिको अघिल्तिर प्रयुक्त भई उनै वर्णको एक वा अनेक पटक आवृत्ति हुनु आद्यनुप्रास हो।

तर यहाँ यी दुवैथरी उदास छन्। (पृ. १)
असङ्ख्य रोग छ
अनन्त भोक छ
असीम शोक छ (पृ. १)
एकअर्कोलाई धिक्कार्दै
एकसाथ पुर्पुरो ठोक्छन् (पृ. २)

माथिका पहिलो उदाहरणको 'यहाँ' 'यी' शब्दको सुरुको 'य', दोस्रो उदाहरणको प्रत्येक पङ्क्तिका सुरुका शब्दको 'अ' तथा तेस्रो उदाहरणका दुवै पाउको सुरुमा 'एक' शब्द आवृत्त भएका कारण आद्यनुप्रासको स्थिति देखिन्छ।

**मध्यानुप्रास**

कविताका पङ्क्तिहरूको बिचमा आई उनै वर्णहरू दोहोरिने स्थिति मध्यानुप्रास हो। 'मेरो चोक' कवितामा यस्तो स्थिति भेटिन्छ। जस्तै :

देवताले बनाएका मानिस र

मानिसले बनाएका देवता (पृ. १)

माथिका दुवै पङ्क्तिका बिचमा 'बनाएका' शब्द दोहोरिएकाले मध्यानुप्रास सिर्जना भएको छ।

**अन्त्यानुप्रास**

कवितात्मक पङ्क्तिको अन्तमा अन्तिम वर्ण वा अक्षर पूर्ण रूपले आवृत्त भएमा अन्त्यानुप्रास हुन्छ ।

साँघुरो गल्लीमा मेरो चोक छ ।
यहाँ के छैन ? सबथोक छ ।
असङ्ख्य रोग छ
अनन्त भोक छ
असीम शोक छ
रात रातभरि उपियाँले टोक्छ
दिन दिनभरि रुपियाँले टोक्छ (पृ. १-२)

माथिका पहिलो उदाहरणको दुवै पङ्क्तिको अन्तिममा 'चोक छ र थोक छ', दोस्रो उदाहरणका तीनवटै पङ्क्तिको अन्तिममा 'रोग छ, भोक छ र शोक छ' तथा तेस्रो उदाहरणका दुवै पङ्क्तिको अन्तिममा 'उपियाँले टोक्छ, र रुपियाँले टोक्छ' आवृत्त भएका कारण अन्त्यानुप्रास सिर्जना भएको छ । अन्त्यानुप्रासको यसप्रकारको सुनियोजित प्रयोगले कवितात्मक लयलाई तिखारेको छ ।

उपर्युक्त विविध प्रकारका अनुप्रासीय संयोजनले विश्लेष्य कवितामा विशिष्ट लयसौन्दर्य सिर्जना भएको देखिन्छ ।

**निष्कर्ष**

'मेरो चोक' भूपी शेरचनद्वारा रचिएको गद्य कवितात्मक सङ्कथन हो । यसमा लुप्त भाषिक संरचनाहरू रहेका छन् । यसको समाख्याता 'म' हो । चोकको स्थानिक परिवेश, यहाँका मानिसका गतिविधि र अस्तव्यस्त परिदृश्यको प्रस्तुतीकरणसँगै कविताको संरचना तयार भएको छ । पदावलीस्तरको शीर्षकमा आबद्ध 'मेरो चोक' कवितामा चोक नै केन्द्रीय कथ्य भई आएको छ र कविताको मूलभाव चोकको परिक्रमा गर्दै राष्ट्रिय, अन्तर्राष्ट्रिय सन्दर्भसम्म विस्तारित हुन पुगेकाले समाख्याताको कथनले पूर्णता पाएको छ । पाठका भाषिक सन्दर्भहरू एकअर्कामा अन्तर्बन्धित भएको यो रचना व्याकरणिक र कोशीय एकाइहरूले संसक्त सङ्कथन हो । यसमा निदर्शन, सार्वनामीकरण, प्रतिस्थापन, विलोपन, संयोजन जस्ता व्याकरणिक सन्दर्भले समाख्याताको चोकलगायत गाउँ, समाज र देशकै वस्तुस्थितिलाई मूर्तीकरण गरी पाठलाई संसक्त तुल्याएका छन् भने समानार्थकता, शब्दसाहचर्य, आवृत्ति, प्रकारान्तर कथन, विपरीतार्थकता आदिले समाख्याताको साँघुरो गल्लीरूपी समाज, देश र विश्वलाई रोग, भोक र शोकमुक्त गरी पारस्परिक सद्भाव तथा मेलमिलापको वातावरण सिर्जना गर्नुपर्ने मनशायलाई स्पष्ट पारेका छन् । मुक्तलयमा आधारित यस कवितामा लयविधानका लागि गद्य कविताको संरचनानुकूल असमान र अनियमित पङ्क्तिविन्यास, स्वस्फूर्त अनुप्रासयोजना तथा विशिष्ट भाषिक विन्यासको उपयोग गरिएको छ । विवेच्य रचनालाई सङ्केतन, पङ्क्तिविन्यास, विशिष्ट ध्वन्यात्मकता, विचलन र अनुप्रास योजनाका आधारमा विश्लेषण गरिएको छ । यसमा केही व्याकरणिक र आर्थी विचलन एवम् पुनरावृत्तिको सहज, सार्थक प्रयोग गरिएको पाइन्छ । उक्त प्रकारले विन्यस्त भाषिक एकाइहरूले गद्यकवितात्मक लयलाई उच्चता दिई

रचनालाई काव्यात्मक कलेवर प्रदान गरेका छन्। लघु आयामको रचनामा पनि उल्लिखित पक्षहरूको कुशल संयोजन गरी लयसौन्दर्य सिर्जनाका साथै अर्थगत विशिष्टतालाई प्रभावकारी तुल्याइएको छ। चोकमा बसोवास गर्ने मानिस र देवताका माध्यमबाट देशकै दुरवस्थालाई व्यङ्ग्यात्मक ढङ्गले प्रकट गर्दै रोग, भोक र शोकबाट उत्पन्न नैराश्य, अस्तव्यस्तता एवम् ह्रासोन्मुख पारस्परिक सद्भाव जस्ता विद्रूप युगीन यथार्थलाई सशक्त ढङ्गले अभिव्यक्त गर्न सक्षम 'मेरो चोक' संसक्ति व्यवस्था एवम् लयविधान दुवै दृष्टिले उत्कृष्ट काव्यात्मक सङ्कथन बनेको छ। सङ्कथन विश्लेषणलाई भाषा/साहित्यको शिक्षणीय पक्षसँग सन्दर्भित गरी त्यसको प्रकार्यात्मक प्रारूपहरूको सम्यक् पहिचान र उपयोगद्वारा शिक्षण सिकाइलाई प्रभावकारी तुल्याउन सकिन्छ। शैक्षणिक दृष्टिले बोध र अभिव्यक्ति क्षमता विकासका साथै भाषाको व्याकरणिक र सन्दर्भपरक सम्प्रेषणात्मक दक्षता वृद्धि गर्न विवेच्य कविताको सङ्कथन विश्लेषणबाट प्रचुर सहयोग लिन सकिन्छ।

## सन्दर्भसामग्री

अधकारी, हेमाङ्गराज (२०७४), *सामाजिक र प्रायोगिक भाषाविज्ञान* (छैटौँ संस्क.), काठमाडौं : रत्न पुस्तक भण्डार।

अर्याल, अम्बिका (२०७०), पुरानो हुँदैन माया गीतको सङ्कथन विश्लेषण, *प्राज्ञिक संसार, १*(९), १४-१९।

गौतम, देवीप्रसाद (२०६८), *सङ्कथन विश्लेषण,* राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), रत्न बृहत् नेपाली समालोचना-सैद्धान्तिक खण्ड (पृपृ. ५७१-५७९), काठमाडौं : रत्न पुस्तक भण्डार।

गौतम, देवीप्रसाद (२०६८), ध्वनिपद्धति र लयविधान, *केएमसी जर्नल, २*(२), ७-१४।

गौतम, देवीप्रसाद, भण्डारी, पारसमणि र ओझा, रामनाथ (२०७१), *स्नातक नेपाली,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

जोशी, वेदप्रसाद (२०७३), *छन्द र अलङ्कार सिद्धान्त,* काठमाडौं : ओरिएन्टल पब्लिकेसन हाउस।

ढकाल, शान्तिप्रसाद (२०६७), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौं : शुभकामना प्रकाशन।

त्रिपाठी, वासुदेव (२०४९), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग -२* (तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन।

न्यौपाने, भुवन (२०७९), पाठनिर्माणका युक्ति : संसक्ति र संयुक्ति, राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), *रत्न बृहत् नेपाली समालोचना भाग-३,* (पृपृ. ६३५-६५१), काठमाडौं : रत्न पुस्तक भण्डार।

पौडेल, माधवप्रसाद र पोखेल, गोकुल (२०७१), *सङ्कथन विश्लेषण : सिद्धान्त र प्रयोग,* काठमाडौं : विद्यार्थी प्रकाशन।

बन्धु, चूडामणि (२०७७), *भाषाविज्ञान* (दसौँ संस्क.), ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि (२०५९), *कवि भूपि : विश्लेषण र मूल्याङ्कन* (दोस्रो संस्क.), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, डी.पी. (२०७०), एक दिन एकचोटि आउँछ कविताको सङ्कथन विश्लेषण, *प्राज्ञिक संसार,* १ (११), १५-२१ ।

भुसाल, केशव (२०७८), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : क्वेस्ट पब्लिकेसन ।

लुइँटेल, खगेन्द्रप्रसाद (२०६७), *नेपाली काव्य समालोचना,* काठमाडौं : पैरवी प्रकाशन ।

शर्मा, बालकृष्ण (२०६९), म त लालीगुराँस भएछु गीतको सङ्कथन विश्लेषण, *प्राज्ञिक संसार, १*(४), ७६-८६ ।

शर्मा, यादवप्रसाद (२०७०), असार कविताको सङ्कथन विश्लेषण, *प्राज्ञिक संसार, १*(९), ५९-६३ ।

शेरचन, भूपी (२०६९), *घुम्ने मेचमाथि अन्धो मान्छे* (चौधौँ संस्क.), ललितपुर : साझा प्रकाशन ।